annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २०९ पृष्ठ ८ | काठमाडौं, बुधबार ... मार्ग शुक्लपक्ष तृतीया नेपाल संवत् ११४५ ... इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०



कभर स्टोरी

## प्रधानमन्त्रीको चीन भ्रमण

# ९ सम्झौता, बीआरआई ‘फ्रेमवर्कमा छिटो हस्ताक्षर गर्ने तत्परता

नेपाल र चीनले ट्रान्स हिमालयन बहुआयामिक सम्पर्क सञ्जाल र बेल्ट एन्ड रोड कोअपरेसनको फ्रेमवर्कमा छिटोभन्दा छिटो हस्ताक्षर गर्ने तत्परता देखाएका छन्।

समाचार पृष्ठ २

सुनिता कार्की/राधा खनाल | काठमाडौं

– को रिपोर्ट

नेपाल-चीनबीच मंगलबार भएका सम्झौता

1. टोखा-छहरे सुरुङ मार्गसम्बन्धी पत्र आदानप्रदान
2. नेपाल-चीनबीच व्यापार अभिवृद्धिसम्बन्धी समझदारीपत्र
3. नौ तले बसन्तपुर दरबार पुनर्निर्माण सम्पन्न प्रमाणपत्रको आदानप्रदान
4. नेपालबाट भैंसीको मासु निर्यातसम्बन्धी प्रोटोकल
5. विकास योजनासम्बन्धी समझदारीपत्र
6. नगद सहयोगसम्बन्धी पत्र आदानप्रदान
7. आर्थिक तथा प्राविधिक सहयोगसम्बन्धी समझदारी
8. स्वयंसेवी चिनियाँ भाषा शिक्षकसम्बन्धी प्रवर्द्धनसम्बन्धी समझदारीपत्र
9. नेपाल टेलिभिजन र चिनियाँ मिडिया ग्रुपबीच सञ्चार प्रविधिसम्बन्धी समझदारीपत्र

प्रधानमन्त्री केपी शर्मा ओली र चिनियाँ राष्ट्रपति सी चिनफिङबीच भेटवार्ता। ● प्रधानमन्त्री सचिवालय

## बीबीसी १०० महिला सार्वजनिक

**लन्डन** (एजेन्सी) : समाचार संस्था बीबीसीले विश्वभरबाट विभिन्न विधाका उत्कृष्ट १०० महिलाको नाम सार्वजनिक गरेको छ। सन् २०२४ का लागि निकालिएको उक्त सूचीमा संसारभरिका प्रभावशाली १०० महिला समेटिएका छन्।

सूचीमा नोबेल शान्ति पुरस्कार विजेता नादिया मुराद, बलात्कार पीडित एवं अभियानकर्मी जीजेल पेलिकोट, कलाकार श्यारोन स्टोन, ओलम्पिक खेलाडी रेबेका एन्ड्राडे र एलिसन फेलिक्स, गायिका रे, भिजुअल आर्टिस्ट ट्रेसी एमिन, वातावरण अभियानकर्ता एडिनिक ओलाडोसु, लेखिका क्रिस्टिना रिभेरा गर्जा, एस्ट्रोनट सुनिता विलियम्स छन्। बीबीसी १०० सूचीमा परेका महिलाले संस्कृति र शिक्षा, मनोरन्जन र खेलकुद, राजनीति र वकालत, विज्ञान, प्रविधि र स्वास्थ्यलगायतका क्षेत्रहरूको प्रतिनिधित्व गर्छन्।

सूचीमा नेपाली उद्यमी शिलशिला आचार्य पनि पर्न सफल भएकी छन्। दिगो विकास उद्यमी आचार्य नेपालमो प्लास्टिक पुन: प्रयोगसम्बन्धी एक सञ्जाल चलाउँछिन्।

फोहोर व्यवस्थापनसम्बन्धी संस्था ‘अभ्नी भेन्चर्स’ मार्फत उनले सीमान्तकृत समुदायका व्यक्तिलाई रोजगारी दिनुका साथै महिलालाई हरित क्षेत्रमा थप प्रोत्साहित गर्दै आएकी छन्। आचार्यले सन् २०१४ मा ‘धन्यवाद, म आफैं झोला बोक्छु’ भन्ने अभियानको नेतृत्वदायी भूमिका निर्वाह गरेकी थिइन्।


# किन बढी देखियो बैंकमा ‘शंकास्पद’ कारोबार ?

ममता थापा | काठमाडौं

नेपाल राष्ट्र बैंकले ०७६ सालबाट आपराधिक एवं अवैधानिक बाटोबाट हुने कारोबार नियन्त्रण गर्न ‘गो एएमएल’ प्रणाली लागू गर्‍यो। वाणिज्य बैंकबाट सुरु गरिएको यो प्रणाली विकास बैंक हुँदै लघुवित्त र क्यासिनोसम्म लागू गरियो। यो प्रणाली लागू भएपछि शंकास्पद वित्तीय कारोबार बढ्दै गएको देखिएको छ। गत आर्थिक वर्षमा मात्रै २३.६४ प्रतिशत बढी कारोबार ‘शंकास्पद’ देखिएको छ। राष्ट्र बैंकको वार्षिक प्रतिवेदनअनुसार शंकास्पद कारोबार तथा शंकास्पद गतिविधिमा उल्लेख्य वृद्धि भएको हो। आपराधिक तथा आतंकवादी क्रियाकलापबाट वित्तीय क्षेत्रमा हुन सक्ने जोखिम घटाउन ‘गो एएमएल’ प्रणाली कार्यान्वयनमा ल्याइएको हो।

आपराधिक तथा अवैधानिक बाटोबाट आर्जित पैसा बैंकिङ कारोबार हुनबाट रोक्न यो प्रणालीले मद्दत पुर्‍याइरहेको राष्ट्र बैंकका अधिकारीहरू बताउँछन्। राष्ट्र बैंकको शंकास्पद वित्तीय कारोबार निगरानी गर्ने वित्तीय जानकारी एकाइ (एफआईयू)मा रिपोर्टिङ गरेको आधारमा आर्थिक वर्ष ०८०/८१ मा ७ हजार ३ सय ३८ शंकास्पद कारोबार भएका थिए। ती शंकास्पद कारोबारमध्ये १ हजार ६ सय ३५ प्रतिवेदनको विश्लेषण गरी आवश्यकताअनुसार अन्य कुनै सूचना प्राप्त भएमा भविष्यमा पुन: विश्लेषण गर्ने एकाइले जनाएको छ। यसमध्ये पनि ८ सय ८९ वटा शंकास्पद कारोबारलाई अभिलेखीकरण गरिएको छ। यसबाट पनि ७ सय ४६ शंकास्पद कारोबार अनुसन्धान गर्ने निकायमा निष्कर्ष प्रवाह गर्ने भनी निचोड निकालिएको थियो।

बाँकी पृष्ठ ६





## दक्षिण कोरियामा आपत्कालीन सैन्य कानुन

**सोल** (एजेन्सी): दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओलले मंगलबार आपत्कालीन सैन्य कानुन (मार्सल ल) घोषणा गरेका छन्। उनले बजेट विधेयकमा संसदीय संघर्षका बीच ‘साम्यवादी शक्तिहरू’ बाट देशको रक्षा गर्न यो कदम आवश्यक रहेको बताए।

‘उत्तर कोरियाका साम्यवादी शक्तिद्वारा निम्त्याइएका खतराबाट उदार दक्षिण कोरियालाई संरक्षण गर्न र विरोधी राज्य तत्वहरूलाई उन्मूलन गर्न... म यसैले आपत्कालीन सैन्य कानुन घोषणा गर्दछ’, युनले राष्ट्रलाई प्रत्यक्ष टेलिभिजन सम्बोधनमा भने, ‘जनताको जीविकोपार्जनलाई कुनै ध्यान नदिई विपक्षी पार्टीले महाभियोग, विशेष अनुसन्धान र आफ्नो नेतालाई न्यायबाट जोगाउनका लागि मात्र शासनलाई कमजोर बनाएको छ।’

पिपुल पावर पार्टी र मुख्य विपक्षी डेमोक्रेटिक पार्टीले अर्को वर्षको बजेट विधेयकलाई लिएर झगडा जारी राख्दै गर्दा राष्ट्रपति युनको यो आश्चर्यजनक कदम आएको हो।




# बुद्धको मावलीमा प्राचीन सहरको भग्नावशेष

हरि शर्मा | परासी

पुरातत्व विभागले गौतम बुद्धको मावली (पण्डितपुर क्षेत्र) मा ४ दिनदेखि उत्खनन गरिरहेको छ। नवलपरासीको रामग्राम-१८ स्थित पण्डितपुर क्षेत्रमा गरिएको उत्खननबाट प्राचीन संरचनाहरू फेला पर्न थालेका छन्। यसअघि गरिएका भू-भौतिक सर्वेक्षण (जियोफिजिक्स) र उत्खननबाट फेला परेका पुरातात्त्विक संरचनाका आधारमा उत्खनन सुरु गरिएको हो। पण्डितपुर गौतमबुद्धको मावली क्षेत्र (कोलीय गणराज्यको क्षेत्र) रहेको भन्दै विभिन्न समयमा सर्वेक्षण र उत्खनन गरिएका थिए।

यसअघिका उत्खनन र सर्वेक्षणका क्रममा फेला परेका भग्नावशेष र संरचनालाई पुष्ट्याइ गर्न गत वर्ष पनि पुरातत्त्व विभागको आर्थिक सहयोग र दुरहाम विश्वविद्यालयको प्राविधिक सहयोगमा भू-भौतिक सर्वेक्षण गरिएको थियो। त्यसकै आधारमा हाल भइरहेको उत्खननमा प्राचीन संरचनाहरू फेला पर्न थालेको पुरातत्त्व विभागका पुरातत्त्व शाखा प्रमुख एवं पुरातत्त्वविद् भाष्कर ज्ञवालीले बताए।



पण्डितपुरमा फेला परेका प्राचीन संरचना। ● हरि शर्मा

विगतको उत्खनन र सर्वेक्षणका क्रममा फेला परेका भग्नावशेष र संरचनाका आधारमा पण्डितपुर कोलीय गणराज्यको एउटा सहर रहेको तथ्य फेला परेको ज्ञवालीले बताए। त्यस क्षेत्रको आव ०६८/६९ देखि आव ०७२/०७३ सम्म उत्खनन गरिएको थियो। आव ०७५/०७६ देखि आव०८०/८१ सम्म भूभौतिक सर्वेक्षण गरिएको थियो।

६० बिघा क्षेत्रफलमा फैलिएको त्यस क्षेत्रमा अहिलेसम्म ३२ बिघा क्षेत्रफलमा भूभौतिक सर्वेक्षण गरिएको ज्ञवालीले जानकारी दिए। हालसम्म गरिएको सर्वेक्षणका क्रममा त्यस क्षेत्रमा चक्राकार सहरी योजनामा बनेको प्राचीन सहरको भग्नावशेष फेला परेको थियो।

विगतमा उत्खनन गर्दा प्राप्त ‘डेटिङ नमुना’ को बेलायतमा परीक्षण गर्दा ईशापूर्व छैटौं शताब्दीसम्मको बुद्धको समकालीन सांस्कृतिक इतिहास पत्ता लागेको पुरातत्त्वविद् ज्ञवालीले बताए। बुद्धको समकालीन र भूभौतिक सर्वेक्षणमा प्राचीन सहरको विशेषता पत्ता लागेकाले यस क्षेत्रको महत्त्व थप बढेर गएको ज्ञवालीको भनाइ छ।

कोलीय गणराज्यअन्तर्गत विभिन्न ठाउँमा सहरहरू फैलिएको र ती सहरहरूमध्येको एक सहर पण्डितपुरमा रहेको पुष्टि भइसकेकाले थप इतिहास पत्ता लगाउन अहिले उत्खनन सुरु गरिएको ज्ञवालीले जानकारी दिए। अहिलेको उत्खननले पण्डितपुर सहरमात्र थियो वा कोलीय गणराज्यको राजधानी नै थियो भन्नेमा पुष्टि गर्ने आधार मिल्नेमा विश्वास लिइएको छ।